CancerCare Manitoba
CervixCheck

## प्याप टेष्ट भनेको के हो ?

प्याप टेष्टले गर्भाशयमा हुने असाधारण परिवर्तनहरु पत्ता लगाउँछ। शुरुमै ती परिवर्तनहरुको उपचार गरेमा गर्भाशय क्यान्सरबाट बच्न सकिन्छ। प्याप टेष्ट निःशुल्क गरिन्छ।






## गर्भाशय भनेको के हो ?

गर्भाशय पाठेघरको तल्लो भागको मुख हो। बच्चा जन्मिदाँ गर्भाशय भएर आउँछ।

## के कारणले गर्दा असाधारण परिवर्तन हुन्छ ?

मानव पापीलोमाभाइरस, अथवा एचपीभी, एकदमै प्रचलित यौनसर्म्पकबाट सर्ने भाइरस हो जसले महीलाको गर्भाशयमा असाधारण परिवर्तन ल्याउछ। कहिलेकाँही एचपीभीले ल्याएका असाधारण परिवर्तनहरु क्यान्सरउन्मुख हुनसक्छन्। प्याप टेष्टले यस्ता असाधारण परिवर्तनहरु क्यान्सर हुनुभन्दा अगाडिनै पत्ता लगाउँछ।

## के मैले प्याप टेष्ट गराउनु आवश्यक छ ?

सबै महीलाहरु जो यौनक्रियामा सक्रिय (यौन सर्म्पक र अंतरंग छुवाई) छन् उनीहरुले नियमित रुपमा प्याप टेष्ट गराउनुपर्छ।

## मैले कति कति समयमा प्याप टेष्ट गराउनुपर्छ ?

तपाई २१ बर्ष पूगेपछि प्याप टेष्ट गर्न शूरु गर्नूपर्छ र प्रत्येक ३ बर्ष निरन्तर रुपमा ६९ बर्ष नपूगेसम्म गर्नूपर्छ।

## एचपीभी खोप भनेको के हो ?

एचपीभी खोपले केही किसिमका एचपीभी बिरुद्ध बचाउँछ जसले गर्भाशयको क्यान्सर गराउनसक्छ। यो खोपले भैरहेको एचपीभी संक्रमणको उपचार गर्दैन। तपाईले यो खोप लिएतापनि नियमित प्याप टेष्ट गराउनु आवश्यक छ।

## प्याप टेष्ट गराउन म कहाँ जानुपर्छ ?

तपाईको डक्टर अथवा नर्सलाई सोध्नुहोस्, स्थानिय स्वास्थ्य केन्द्रमा सर्म्पक गर्नुहोस्, वा हाम्रो वेवसाईट हेर्नुहोस्।

यदि महीलाहरुले नियमित रुपमा प्याप टेष्ट गराउनुको साथै असाधारण परिवर्तनहरुको पुर्नजाँच गराएमा धेरैजसो गर्भाशयको क्यान्सरबाट बच्न सकिन्छ।

कृपया थप जानकारीको लागी सम्पर्क गर्नुहोस् :

**CervixCheck, CancerCare Manitoba**
**#5-25 Sherbrook Street**
**Winnipeg, Manitoba R3C 2B1**

टेलिफोन : 204-788-8626
टलफ्री : 1-855-952-4325
CervixCheck@cancercare.mb.ca
GetCheckedManitoba.ca